कर्णाली प्रदेश सरकार

# आन्तरिक मामिला तथा कानून मन्त्रालय

वीरेन्द्रनगर, सुर्खेत, नेपाल

पत्र संख्या: २०७९/०८० चलानी नं. २८९ मितिः २०७९/०८/१८

श्री स्थानीय तह सबै,
कर्णाली प्रदेश,

**विषयः सहिद स्मृती भत्ता वितरण प्रयोजनका लागि नामावली एकिन गरी पठाईदिने सम्बन्धमा।**

प्रस्तुत विषयमा जनयुद्ध, जनआन्दोलन र प्रदेश स्थापनाका लागि भएको आन्दोलनका सहिद वा बेपत्ता परिवारका हकवालालाई सहिद स्मृति भत्ता प्रदान गर्न **"सहिद स्मृति भत्ता वितरण निर्देशिका २०७९"** मा भएको व्यवस्था बमोजिम नेपाल सरकार गृह मन्त्रालय/जिल्ला प्रशासन कार्यालयबाट प्राप्त विवरणका आधारमा यस मन्त्रालयबाट सहजिकरणका लागि जिल्लागत रुपमा तयार गरिएको मृतक तथा बेपत्ता भएका व्यक्तिहरुको नामावलीको Soft Copy तथा गृह मन्त्रालयबाट प्राप्त विवरण समेत यसै साथ संलग्न राखि पठाइएको छ । सो अनुसार तपसिल बमोजिम हुने गरी नामावली एकिन गरी यस मन्त्रालयमा पठाइदिनुहुन र नामावली एकिन भई आएपश्चात रकम निकासाको व्यवस्था गरिने व्यहोरा मिति २०७९/०८/१३ को (सचिवस्तरीय) निर्णय अनुसार अनुरोध छ।

**तपशिल**

१. निर्देशिकाको दफा ४(१) र (२) बमोजिम जिल्लागत नामावली तयार गरी पठाइएकोमा संलग्न गृह मन्त्रालयमा/जिल्ला प्रशासन कार्यालयबाट प्राप्त विवरणका आधारमा आ-आफ्नो स्थानीय तहको नामावली रुजु गरी निर्देशिकाको दफा ४(३), ४(४) र दफा ५ बमोजिम गर्नुहुन।

२. प्रकरण नं १ को कार्य सकिएपछि निर्देशिकाको दफा ६ बमोजिम अनुसूची तयार गरी मन्त्रालयमा विवरण पठाउनुहुन। विवरण प्राप्त भएपछि मन्त्रालयले रकम निकासा गर्नेछ।

३. थप स्पष्टताका लागि निर्देशिका समेत यसै साथ संलग्न राखि पठाइएको छ, सो बमोजिम गर्नुहुन ।

निधिराज न्यौपाने
उप-सचिव

मा.मन्त्रीज्यू ०८३-५२५६२२ सचिवज्यू ०८३-५२२५२६ प्रशासन शाखा ०८३-५२३०४५



Scanned with CamScanner